नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग
हरिहरभवन, पुल्चोक, ललितपुर

**मितिः २०७८।०८।२७**

# प्रेस विज्ञप्ती

राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको राजस्व चुहावटसम्बन्धी मुद्दा उच्च अदालत, पाटन, ललितपुरमा मिति २०७८।०८।२७ मा दायर गरिएको छ।

१. **अभियुक्तको विवरणः** जिल्ला सिन्धुपाल्चोक, लागार्चे गा.वि.स. वडा नं. ५ साविक ठेगाना भई हाल जिल्ला सिन्धुपाल्चोक, पाँचपोखरी थाङ्पाल गाउँपालिका वडा नं. ८ ठेगाना भएका **सोमिया इन्टरप्राइजेज (स्था.ले.नं. ६०५१७३२९९)** प्रोपराइटर बस्ने लेक बहादुर भुजेल ।

२. **कसुरको संक्षिप्त विवरणः सोमिया इन्टरप्राइजेज (स्था.ले.नं. ६०५१७३२९९)** ले वस्तु तथा सेवा खरिद नै नगरी झुठ्ठा तथा नक्कली मु.अ. कर विजक मात्र खरिद गरी मूल्य अभिवृद्धि कर र आयकर समेतको राजस्व चुहावटको कसूर गरेको देखिएको ।

३. **कायम भएको विगो र सजायको मागदावीः** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (संशोधन सहित) को दफा ३ ले निषेधित सोही ऐनको दफा ४ को उपदफा (क), (ख) र (झ) बमोजिम कसूर गरेको पुष्टि भएकोले सोही ऐनको दफा २(छ१)(ङ) बमोजिमको **मूल्य अभिबृद्धि कर रकम रु. ३,८२,१४,८९९।-** (अक्षरुपी तीन करोड बयासी लाख चौध हजार आठ सय उनन्सय रुपैया मात्र) र **आयकर रकम रु. ८,१४,८६,०३६।-** (अक्षरुपी आठ करोड चौध लाख छयासी हजार छत्तिस रुपैया पैंतीस मात्र) समेत गर्दा हुन आउने कूल राजस्व रकम **रु. ११,९७,००,९३६।- (अक्षरुपी एघार करोड सन्तानब्बे लाख नौ सय छत्तिस रुपैया मात्र)** कायम गरी सोही ऐनको दफा २३(१) र २३(२) बमोजिम जफत एवं असूल उपर गरी विगोको शतप्रतिशत जरिवाना तथा सोही ऐनको दफा २३ को उपदफा (१)(क) बमोजिम कैद सजाय हुन मागदावी लिई अभियोग पत्र दायर गरिएको ।

| सि.नं. | प्रतिवादी | विगो | सजाय हुने विगो | सजायको माग दावी |
|---|---|---|---|---|
| १ | लेक बहादुर भुजेल | ११,९७,००,९३६। | ११,९७,००,९३६। | २३,९४,०१,८७२।- |

**सूचना अधिकारी**

**राजस्व अनुसन्धान विभाग**